२०७६/०३/२४ प्रभु इन्स्योरेन्स लिमिटेडको राजधानी

# २३ औं वार्षिक साधारण सभा बस्ने सम्वन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७६ असार २४ गते)**

आदरणीय शेयरधनी महानुभावहरु,

प्रभु इन्स्योरेन्स लिमिटेडको संचालक समितिको ३७४ औं बैठकको निर्णय अनुसार यस कम्पनीको २३ औं वार्षिक साधारण सभा निम्न स्थान, मिति र समयमा देहायका विषयहरु उपर छलफल गर्न बस्ने भएको हुंदा सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिको लागि अनुरोध गरिएको छ ।

**सभा बस्ने स्थान, मिति र समयः**

स्थान : प्रभु इन्स्योरेन्स लिमिटेड, **"प्रभु कम्प्लेक्स्"**, तिनकुने, काठमाण्डौ ।

मिति : २०७६ श्रावण १७ गते शुक्रबार (२ अगष्ट २०१९)

समय : बिहान ११:०० बजे ।

**छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्तावः**

१. कम्पनीको **२३ औं** वार्षिक साधारण सभामा संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा पेश हुने वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।

२. लेखा परीक्षकको प्रतिवेदन सहित आ.व. २०७४/०७५ को वासलात, नाफा-नोक्सान हिसाव तथा सोहि अवधिको नगद प्रवाह विवरण तथा सम्वन्धित अनुसूचिहरु छलफल गरी पारित गर्ने ।

३. आ.व. २०७५/०७६ को लागि लेखा परीक्षकको नियुक्ति तथा पारीश्रमिक सम्वन्धमा ।

**(ख) विविध ।**

**साधारण सभा सम्वन्धी जानकारी :**

१) मिति २०७६/०४/०३ देखि २०७६/०४/१७ सम्म शेयर दाखिला खारेज किताव बन्द रहनेछ ।

२) शेयरधनी लगतमा कायम रहेको ठेगानामा सम्पूर्ण सेयरधनी महानुभावहरुलाई प्रवेशपत्र, प्रोक्सी फारम (प्रतिनिधि नियुक्त गर्ने निवेदन) एवं सो सम्वन्धि सामान्य नियमहरु तथा साधारण सभा सम्वन्धि जानकारीहरु समेतको वार्षिक प्रतिवेदन पुस्तिका हुलाक मार्फत प्रेषित गरिने छ ।

३) सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयर धनीहरुले सभा हुने दिन भन्दा ५ (पांच) दिन अगावै अर्थात मिति २०७६/०४/१२ गते बिहान १० बजेसम्ममा कम्पनीको केन्द्रिय कार्यालय, तिनकुने, काठमाण्डौस्थित कार्यालयमा प्रोक्सी फारम दर्ता गरी सक्नु पर्नेछ ।

४) संगठित संस्था शेयरधनी भएमा त्यस्ता संगठित संस्थाद्वारा खटाईएको वा मनोनित गरेको प्रतिनिधि (प्रोक्सी) ले साधारण सभामा भाग लिन र मतदान गर्न पाउनेछ । प्रतिनिधिपत्रमा सम्वन्धित संस्थाको छाप सहित अधिकृत व्यक्तिले दस्तखत गरेको हुनु पर्दछ ।

५) प्रतिनिधि (प्रोक्सी) मुकरर गर्दा यस कम्पनीको शेयरधनी बाहेक अन्य व्यक्तिलाई प्रतिनिधि मुकरर गर्न पाईने छैन ।

६) शेयरवालाको नाम, शेयर संख्या र दस्तखत नमिलेको प्रतिनिधिपत्र रद्द हुनेछ ।

७) प्रोक्सी दोहोरो पर्न गएमा पहिले दर्ता गरिएको प्रोक्सीले मान्यता पाउनेछ ।

८) प्रोक्सी मुकरर गरी पठाउने शेयरधनी स्वयं साधारणसभामा उपस्थित भै हाजिरी किताबमा दस्तखत गर्नु भएमा (प्रोक्सी) स्वतः बदर हुनेछ ।

९) संयुक्त रुपमा खरिद गरेको अवस्थामा शेयरधनीहरुको दर्ता किताबमा साझेदारहरुमध्ये जसको नाम क्रमानुसार अघि लेखिएको छ सो साझेदार वा साझेदारहरुको सर्वसम्मतबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन र मतदान गर्ने अधिकार पाउनेछ ।

१०) विविध शीर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीहरुले सभा हुन भन्दा ७ दिन अगावै छलफलको विषय कम्पनी सचिव मार्फत संचालक समितिका अध्यक्षलाई कम्पनीको केन्द्रीय कार्यालयमा लिखित रुपमा दिनुपर्नेछ ।

११) उपस्थित पुस्तिका सभा हुने दिन बिहान १०:०० बजे देखि खुल्ला रहनेछ ।

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

PRABHU INSURANCE
protecting your future.

**प्रभु इन्स्योरेन्स लिमिटेड**

तीनकुने, काठमाण्डौ, नेपाल, पोष्ट बक्स नं. १०८११
फोन नं. ०१-५१९९२२०/२६, फ्याक्स नं. ०१-५१९९२४७
Email: info@prabhuinsurance.com